# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ७, संख्या ८ २०८० माघ १० गते


## भाग ३

स्थानीय सरकार

## विदुर नगरपालिका

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

*नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८०/१०/०७*

# उद्योग व्यवसाय दर्ता सम्वन्धि (तेस्रो संशोधन) कार्यविधि, २०८०

# उद्योग व्यवसाय दर्ता सम्वन्धि (तेस्रो संशोधन) कार्यविधि, २०८०

| | |
|---|---|
| | **स्वीकृत मिति** |
| उद्योग व्यवसाय दर्ता सम्वन्धि कार्यविधि, २०८० | २०७६।११।२२ |

**संशोधन**

| | |
|---|---|
| उद्योग व्यवसाय दर्ता सम्वन्धि (पहिलो संशोधन) कार्यविधी, २०७७ | २०७७।०७।०३ |
| उद्योग व्यवसाय दर्ता सम्वन्धि (दोस्रो संशोधन) कार्यविधी, २०८० | २०८०।०१।१५ |
| उद्योग व्यवसाय दर्ता सम्वन्धि (तेस्रो संशोधन) कार्यविधी, २०८० | २०८०।१०।०७ |

**प्रस्तावनाः**

नगरपालिका क्षेत्रभित्र रहेका उद्योग तर्फको दर्ता, नविकरण तथा अनुगमन नियमन तथा व्यवस्थापन गर्न, स्थानिय उद्योगको तथ्याङ अध्यावधिक गर्न र स्थानीय उत्पादनको प्रवर्द्धन तथा सहजीकरण गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (५)(घ) र उपदफा (७) तथा वागमति प्रदेशको प्रादेशिक व्यापार तथा व्यवसाय सम्वन्धि ऐनको परिच्छेद ६ को दफा ६८ को अधिकार प्रयोग गरी विदुर नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भीक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

[φ](१) यस कार्यविधिको नाम **"विदुर नगरपालिकाको उद्योग व्यवसाय दर्ता सम्वन्धि (तेस्रो संशोधन) कार्यविधि, २०८०"** रहेको छ ।

(२) प्रारम्भः यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई विदुर राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ .।

ख) "नगर" भन्नाले विदुर नगरपालिका सम्झनुपर्छ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

घ) "कार्यालय"भन्नाले विदुर नगरपालिका, कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ र सो शव्दले नगरपालिकाको मातहतमा रहेको वडा कार्यालयलाई समेत जनाउदछ ।

ङ) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले लघु उद्योग दर्ता गर्ने कार्यालय विदुर नगरपालिकालाई जनाउदछ ।

च) "नगर उद्योग प्रवर्द्धन समिति" भन्नाले उद्योग प्रवर्द्धनको लागी तोकिएको नगर प्रमुखको अध्यक्षतामा रहेको समिति सम्झनु पर्दछ ।

[φ]तेस्रो संशोधनद्वारा संशोधन

## परिच्छेद २
## उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

३. **उद्योग दर्ता गराउनु पर्ने :**

(१) कसैले यस कार्यविधि बमोजिम दर्ता नगराई उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि प्रारम्भ हुदाँका बखत प्रचलित औद्योगिक ब्यवसाय सम्बन्धी कानुन वमोजिम सञ्चालनमा रहेका उद्योगले यस कार्यविधि बमोजिम उद्योग दर्ता गराउनु पर्ने छैन, तर तोकिएवमोजिम स्थानिय तहमा व्यवसाय भने दर्ता गराउनु पर्नेछ ।

४. **उद्योग दर्ता गर्न निवेदन दिनुपर्ने :**

(१) यस कार्यविधि बमोजिम उद्योग स्थापना गर्न चाहने ब्यक्तिले देहायको विवरण उल्लेख गरी अनुसुची १ वमोजिमको ढाचामा कागजात सहित उद्योग दर्ता गर्न विदुर नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

क) उद्योगको नाम र ठेगाना

ख) उद्योग व्यवसायको प्रकृतिः

ग) कारोवार गर्ने मुख्य वस्तु र सेवा

घ) लगानी,

ङ) उद्योग व्यवसायीको नाम र ठेगाना ,।

च) उद्योग ब्यवसायीको नागरिकताको प्रतिलिपि ।

छ) उद्योग व्यवसाय रहने घरघनी/जग्गाधनीको नाम ।

ज) उद्योग रहने स्थानको नक्सांकनको विवरण ।

२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले सो उपर आवश्यक जाँचबुझ गरी नियमानुसार उद्योग व्यवसाय दर्ता गर्नुपर्नेछ । लघु उद्योगको प्रवर्द्धन, विकास र विस्तार गरी रोजगारी अभिबृद्धि गर्ने, शिपमुलक तालीम बाट बेरोजगारीको स्थिती अन्त्य गरी गरिबी निबारणमा सहयोग गर्ने खालको कुनै उद्योग संचालन गर्न चाहेमा र नगरपालिकाले आवश्यकतानुसार सहुलियत तथा छुट दिन सक्नेछ ।

५. **उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्ने :**

(१) दफा ४ बमोजिम उद्योग दर्ताको लागि परेको निवेदन जाँच बुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको र प्रचलित कानुन वमोजिमको प्रक्रिया पुरा भएको देखिएमा निवेदन परेको पन्ध्र दिन भित्र कार्यालयले निवेदनमा माग भए बमोजिमको उद्योग दर्ता गरी अनुसुची २ बमोजिमको ढा“चामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(२) उद्योग दर्ता गरेपछि वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरण परीक्षण गर्नुपर्ने भएमा सो गरेपछि मात्र उद्योग स्थापना, सञ्चालन, ब्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन जाँचबुझ गर्दा थप विवरण वा कागजात माग्नुपर्ने देखिएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित निवेदकलाई त्यस्तो थप विवरण वा कागजात सात दिन भित्र पेश गर्न लगाउन सक्नेछ ।

विदुर नगरपालिका

(५) उपदफा (३) बमोजिममाग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा प्रचलित कानुन बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने शाखाले कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने कार्यालयले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नुपर्नेछ ।

६. **वातावरणमा प्रतिकुल असरको निराकरण गर्नु पर्ने:** उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकुल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ ।

७. **नगरपालिकाबाट प्रदान गरिने उद्योग ब्यवसाय सम्बन्धी सेवाहरु :**

क) लघु उद्योग दर्ता, नामसारी, ठाउसारी, लगतकट्टा, पुजी बृद्धि तथा क्षमताबृद्धि गर्ने ।

ख) नगर स्तरमा उद्योग, बाणिज्य तथा व्यवसाय प्रवर्धन सम्बन्धी योजना कायान्वयन गर्ने ।

ग) प्राविधिक परामर्श सेवा उपलब्ध गराउने ।

घ) तालिम प्राप्त प्रशिक्षार्थीलाई छुट मूल्यमा उपयुक्त प्रविधि उपलब्ध गराउने ।

ङ) उद्यमीहरु लाई पुनर्ताजगीतालिम संचालन गर्ने ।

च) उद्यमीले उत्पादन गरेका वस्तुहरुको बजारिकरणमा सहयोग गर्ने ।

छ) औद्योगिक भ्रमण तथा प्रदर्शनीको आयोजना गर्ने ।

ज) लघु कर्जामा सहयोग गर्ने ।

८. **उद्योगको दर्ता गर्दा आवश्यक पर्ने कागजातहरु :**

क) उद्योग दर्ताको निवेदन फाराम,

ख) उद्योगको परियोजना (स्किम) ,

ग) सम्बन्धित व्यक्तिको नागरिकताको प्रतिलिपि,

घ) उद्योग रहने स्थानको स्वामित्वको प्रमाण पत्रको प्रतिलिपी ।

ङ) सम्बन्धित व्यक्तिको नाममा स्वामित्वको प्रमाण नभएमा मन्जुरीनामा सहित स्वामित्वको प्रमाण पत्रको प्रतिलिपि ।

च) सम्बन्धित वडाको प्रतिनिधीको उपस्थितीमा सधियार सहितको सर्जमिन मुचुल्का र सिफारिस पत्र । विशेष परिस्थितीमा नगर कार्यपालिकाको बैठकले निर्णय गर्न समेत सक्नेछ ।

छ) साझेदारीहरु भै उद्योग दर्ता गर्ने भएमा सम्झौतापत्र (साझेदारी कबुलियतनामा) ।

ज) निवेदक फर्म वा कम्पनी भएमा फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपी, संचालकहरुको नागरिकताको प्रतिलिपि ,प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपि

झ) प्रारम्भिक वातावरणिय परिक्षण गर्नुपर्ने उद्योगको हकमा आई. ई. ई. स्वीकृत भएको प्रतिवेदन ।.

ञ).सम्वन्धीत विषयगत उद्योग सम्वन्धमा संघिय एवं प्रदेश कानुनले निर्धारण गरेको अन्य आवस्यक कागजातहरु ।

ट) नियमनकारी निकायहरुको अनुमति वा सिफारीस आवस्यक पर्ने उद्योगहरुको लागी सो अनुमतिपत्र ।

***(ठ) कुखुरा तथा बंगुर पालन व्यवसायको हकमा थप तपशिल कागजात आवश्यक पर्नेछ ।**

(१) कुखुरा व्यवसायको हकमा मुख्य राजमार्गको क्षेत्राधिकार भन्दा कम्तीमा २०० मिटर टाढा हुनु पर्नेछ । बंगुर व्यवसायको हकमा मुख्य राजमार्गको क्षेत्राधिकार भन्दा कम्तीमा ३०० मिटर टाढा हुनु पर्नेछ ।

---

*पहिलो संशोधनद्वारा थप

(२) घनावस्तीबाट कुखुराको हकमा २०० मिटर टाढा तथा बंगुर पालनको ५०० मिटर टाढा हुनुपर्नेछ ।

(३) शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, साँस्कृतिक, पुरातात्विक महत्वका स्थानहरुबाट ५०० मिटर टाढा हुनुपर्नेछ ।

(४) व्यवसाय दर्ता हुनुपुर्व ७ दिने सूचना स्थानीय पत्रिकामा प्रकाशन गर्नुपर्नेछ ।

(५) १०,००० हजार भन्दा बढी कुखुरा पालन व्यवसाय गर्नु परेमा I.E.E. गर्नुपर्नेछ ।

(६) खोला तथा पानीको मुहानमा कुनै पनि किसिमको प्रदुषण, हानी नोक्सानी लगायतका असर गर्न नपाईने ।

(७) घनावस्ती बाहेकको क्षेत्रहरुमा (ग्रामिण वस्तीहरुमा) १००० भन्दा कम संख्याको कुखुरा पालन व्यवसाय सञ्चालन हुने स्थानबाट कम्तीमा १०० मिटर वरपरका घरधनीहरुको सहमति अनिवार्य हुनपर्ने । तर १००० भन्दा बढी कुखुरा पालन व्यवसायको हकमा ३०० मिटर टाढा हुनुपर्नेछ । बंगुर व्यवसायको हकमा ३०० मिटर दुरी कायम गर्नुपर्ने छ ।

***(ड) फर्निचर उद्योगका हकमा थप तपशिल कागजात आवश्यक पर्नेछ ।**

(१) डिभिजन/जिल्ला वन कार्यालयको सहमति पत्र ।

(२) फर्निचर उद्योगले काठको श्रोत खुलाउनु पर्ने ।

(३) ८ इन्च भन्दा माथीको बेन्च सह प्रयोग गर्न नपाइने

(४) प्रमाणितका लागि बेन्च-सह भन्दा ठुलो प्रयोग गर्न नपाउने ।

(५) वनक्षेत्रभन्दा ५०० मिटर टाढा हुनु पर्ने ।

(६) चारै दिशाका सधिँयारको सहमति अनिवार्य हुनुपर्ने ।

(७) व्यवसाय दर्ता हुनुपुर्व ७ दिने सूचना स्थानीय पत्रिकामा प्रकाशन गर्नुपर्नेछ ।

***(ढ) घरेलु ढुंगा कुट्ने उद्योगका हकमा थप तपशिल मापदण्ड आवश्यक पर्नेछ ।**

(१) स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११को उपदफा २ (७) को व्यवस्था बमोजिम ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुंगा तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गर्नुपर्ने,

(२) घरेलु तथा हाते ओजर प्रयोग गर्ने,

(३) दैनिक बढीमा १५० सेफ्टी उत्पादन गर्ने,

(४) मेशिनरी औजार प्रयोग गर्ने भए २० किलोवाटसम्म मात्र विद्युत खपत गर्ने मेशिन प्रयोग गर्न पाइने,

(५) वातावरण प्रदुषण र पर्यावरण विग्रने खालको क्रियाकलाप गर्न पाइने छैन ।

(६) स्थानीय पत्रपत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने र चारै दिशाका सधिँयारको मन्जुरीनामा अनिवार्य गर्नुपर्ने

(६) देहाय बमोजिमको दूरी सम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ ।

---

*पहिलो संशोधनद्वारा थप



विदुर नगरपालिका

| क्र.सं. | विवरण | कायम दुरीको मापदण्ड |
|---|---|---|
| १ | राजमार्गको क्षेत्राधिकारबाट | १०० मिटर |
| २ | खोला वा नदी किनारबाट | १०० मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | ३०० मिटर |
| ४ | पक्की पुलबाट | १०० मिटर |
| ५ | वन, निकुन्ज तथा आरक्षबाट | १०० मिटर |
| ६ | घना वस्तीबाट | २०० मिटर |
| ७ | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट | १०० मिटर |

***(ण) वर्कसप दर्ताको लागि आवश्यक कागजातहरु**

माथि उल्लेखित शर्तनामाको अतिरिक्त तपशिल बमोजिमको थप शर्त तथा मापदण्डहरु पुरा गर्नुपर्नेछ ।

- सात दिनको सार्वजनिक सूचना
- मुख्य राजमार्गबाट २०० मिटर टाढा हुनुपर्ने
- घना वस्ती भित्र उद्योग स्थापना गर्न नमिल्ने
- अहिलेको अवस्थामा जुनसुकै स्थानमा स्थापना भएता पनि अटो भिलेज स्थापना पश्चात उक्त स्थानमा स्थानान्तरण गर्नुपर्ने छ । (विशेष शर्त)

***(त) बालुवा प्रशोधन उद्योग (फिरफिरे) सञ्चालन अनुमति सम्बन्धमा**

नगरपालिका भित्र संघीय, प्रदेशिक वा स्थानीय तहबाट सञ्चालन हुने विभिन्न किसिमका विकास निर्माण कार्य, साथसाथै भूकम्प पिडितलाई घर निर्माणको लागि निर्माणजन्य सामाग्री वालुवा अत्यावश्यक वस्तु भित्र पर्ने हुँदा उक्त सामाग्री प्रशोधन गर्न माथि उल्लेखित खानी विकास समितिले आयोजना अवधिभर रहने गरि वालुवा प्रशोधन उद्योग सञ्चालन गर्न अनुमति प्रदान गर्न तल उल्लेखित मापदण्ड पालना गर्नुपर्नेछ ।

साधारण निर्माणमुखी वालुवाको प्रशोधन तथा विक्री वितरणको अस्थायी अनुमतिको लागि निवेदन दिनुपर्ने :
(१) निजी हकभोग तथा स्वामित्वको जग्गाबाट कच्चा पदार्थ उत्खनन गर्ने अनुमति प्राप्त पश्चात वा ईजाजत प्राप्त खानीबाट वालुवा निकाली प्रयोग तथा विक्री वितरण चाहने व्यक्तिले देहाय बमोजिम कागजात वा विवरण उल्लेख गरी नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(क) समग्र उद्योग संचालनको लागि संकलन र प्रशोधनको कार्य गर्न कम्तिमा १० रोपनी जग्गा भएको प्रमाण वा अरुको हकको जग्गा भए सम्बन्धीत जग्गाधनिको नागरिकता र जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपी सहित भोगचलनको लागि प्रयोगमा लिएको मन्जुरीनामा वा सम्झौता पत्र ।
(ख) चार किल्ला सँधियारको विवरण र सहमति पत्र,
(ग) फिल्ड नक्सा, ट्रेस नक्शा, ब्लु प्रिन्ट नक्सा
(घ) नागरिकताको प्रमाणित प्रतिलिपी
(ङ) आफूले संकलन गर्न लागेको परिमाणको विवरण
(च) सम्बन्धित वडाको सिफारिसपत्र ।
(छ) आयोजना संचालन अनुमति पत्रको प्रतिलिपी (आयोजनाको हकमा)

*पहिलो संशोधनद्वारा थप



विदुर नगरपालिका

(ज) देहाय बमोजिमको दूरी सम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ ।

| क्र.सं. | विवरण | कायम दुरीको मापदण्ड |
|---|---|---|
| १ | राजमार्गको क्षेत्राधिकारबाट | २०० मिटर |
| २ | खोला वा नदी किनारबाट | २०० मिटर |
| ३ | शिक्षण संस्था, स्वासथ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | १ किलोमिटर |
| ४ | पक्की पुलबाट | २०० मिटर |
| ५ | वन, निकुञ्ज तथा आरक्षबाट | २०० मिटर |
| ६ | घना वस्तीबाट | ५०० मिटर |
| ७ | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट | २०० मिटर |

(२) संकलन र प्रशोधन कार्य गर्दा पालना गर्नुपर्नेः

संकलन र प्रशोधन कार्यको लागि अनुमति पाउने उद्योगले पालना गर्नुपर्ने शर्तहरु देहाय बमोजिम हुनेछ ।

(क) संकलन प्रशोधन उद्योग वस्ति, वन, खानेपानीको मुहान, मुलसडक, नदी खोला पुल, विद्यालय र सार्वजनिक संरचनाबाट तोकिएको दुरिमा हुनुपर्नेछ ।

(ख) साधारण निर्माणमुखी सामाग्री संकलन गरी सोको विक्री पछि जोखिम कम गर्ने अन्य उपयुक्त उपाय अवलम्बन गर्नुपर्नेछ ।

(ग) उद्योग संचालन गर्न अनुमति प्राप्त भएपछि धरौटी वापत रु. २,००,०००।०० अक्षेरेपी रु. दुई लाख) विदुर नगरपालिकाको खातामा जम्मा गर्नुपर्ने र उक्त धरौटी अस्थायी अनुमति अवधि समाप्त वा व्यवसाय बन्द भएको मितिले जोखिमको अवथा अनुसार कम्तिमा ६ महिना पछि मात्र फिर्ता गर्नुपर्नेछ । तर तोकिएको शर्त अनुसार कार्य नगरी उलंघन गरेको ठहरेमा नियमानुसार जरिवाना रकम सोही धरोटीबाट कट्टा गरी व्यवसाय बन्द गर्न सकिनेछ ।

(घ) सार्वजनिक जग्गाको सिमानाबाट कम्तिमा ५० मी. दुरी सम्ममात्र प्रशोधन उद्योग राख्न पाइनेछ ।

(ङ) बालुवा तथा साधारण निर्माणमुखी सामाग्रीको बजार मुल्य “साधारण निर्माण जन्य पदार्थको संकलन, उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७” को दफा ३(ख) बमोजिम हुनेछ । प्रचलित बजार दर समेतलाई ध्यान राखी नगर कार्यपालिकाले अधिकतम विक्री दररेट तोक्न सक्नेछ । यसरी तोकिएको दर रेटलाई सम्बन्धीत अनुमति प्राप्त उद्योगले उल्लेखित कार्यविधि अवलम्बन गर्नु पर्नेछ ।

(च) अनुमति प्राप्त उद्योगले सो निर्माण जन्य सामाग्री एवं संकलन गर्दा विदुर नगरपालिकाले तोके बमोजिम विक्री शुल्क विदुर नगरपालिकालाई बुझाउनु पर्नेछ ।

(छ) साधारण निर्माणमुखी सामाग्री विक्री वितरण गर्दा अनुमति प्राप्त उद्योगले पहिलो प्राथमिकता विदुर नगरपालिका वासीलाइ दिनुपर्नेछ ।

(ज) अनुमति प्राप्त गर्न माग गर्ने उद्योगले प्रशोधन पश्चात छनौट गरी छाडिएको काम नलाग्ने वस्तु बलौटा, पाँगो वा चोकर वा अन्य वाई प्रडक्टको उचित व्यवस्थापन गर्नु पर्नेछ । साथै सोबाट निस्कीएको फोहोर पानिलाई आवश्यक ट्रिटमेन्ट प्लान्ट मार्फत सफा गरे पश्चात

*पहिलो संशोधनद्वारा थप

मात्र स्थानीय नदी, खोला, खोल्सामा खसाल्ने व्यवस्था गर्नुपर्नेछ ।

(ज) अनुमति प्राप्त गर्न माग गर्ने उद्योगले प्रशोधन पश्चात छनौट गरी छाडिएको काम नलाग्ने वस्तु बलौटा, पाँगो वा चोकर वा अन्य वाई प्रडक्टको उचित व्यवस्थापन गर्नु पर्नेछ । साथै सोबाट निस्कीएको फोहोर पानिलाई आवश्यक ट्रिटमेन्ट प्लान्ट मार्फत सफा गरे पश्चात मात्र स्थानीय नदी, खोला, खोल्सामा खसाल्ने व्यवस्था गर्नुपर्नेछ ।

(झ) संकलन तथा प्रशोधन स्थलबाट मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न गराउन पाइने छैन ।

(ञ) संकलन तथा प्रशोधन गरिएको सामान्य निर्माणमुखी वालुवा जस्ता पदार्थ स्थानीय तहबाट इजाजत पत्रमा उल्लिखित परिमाण भन्दा बढ्ने गरी संचय गर्न पाइने छैन ।

(ट) संकलन एवं प्रशोधन अनुमति माग गर्ने उद्योगले व्यवसाय सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निकारण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ ।

**+९. उद्योगको वर्गिकरण:**

**क) उत्पादनमूलक :** कोरामाल वा अर्ध प्रशोधित माल वा खेर गई रहेको माल सामानको वा अन्य मालसामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने .उद्योग ।

**ख) उर्जामूलक उद्योग :** जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, बायोग्याँस तथा अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग ।

**+ग) कृषि तथा वनजन्य उद्योग :** मूलत कृषि वा वन पैदावारमा आधारित रेशम, फलफुल खेती तथा प्रशोधन, पशुपालन, डेरी, जडिबुटि, फर्निचर जस्ता उद्योगहरु ।

**घ) खनिजमूलक:** खनिज उत्खनन् वा प्रशोधन गर्ने ।

**+ङ) पर्यटनमूलक:** पर्यटन आवास, मोटेल, होटेल, रेष्टुरा, वाटर-र्‍याफ्टिङ्ग, पदयात्रा (ट्रेकिङ्ग), मनोरञ्जन पार्क, होमस्टे निर्माण तथा संचालन गर्ने व्यवसाय ।

**+च) सेवामूलक :** वर्कशप, छापाखाना, परामर्श सेवा, चलचित्र व्यवसाय, निर्माण व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, अस्पताल, नर्सिङ्गहोम, प्रशिक्षण संस्थाहरु, प्रयोगशाला, शीतभण्डार, छात्राबास, कुटानी तथा पिसानी मिल, एल्मुनियमबाट निर्मित सामान, जुत्ता चप्पल निर्माण, साबुन निर्माण, ब्युटीपार्लर, ड्राइभिङ सेन्टर, क्याटरिङ एण्ड रेन्टल सर्भिस, चाउमिन उत्पादन, चस्मा पसल र डेण्टल उल्लेख आदि व्यवसायहरु । .

**छ) निर्माणमूलक :** सडक, पूल, रोपवे, रेल सेवा, ट्रलिबस, टनेल, फ्लाईङ्ग ब्रिज तथा औद्योगिक व्यापारिक एवं आवास आदि निर्माण गरि संचालन गर्ने ।

**१०. उद्योग संचालन गर्दा उद्योगीहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने शर्तहरु**

१. उद्योग संचालन गर्दा हाल कायम रहेको र पछि लागु हुने नीति नियम सबै पालना गर्नु पर्ने

२. वातावरण प्रदुषण हुन नदिन उपयुक्त व्यवस्था गनु पर्ने ।

३. छरछिमेकलाई बाधा नपुर्‍याई उद्योग संचालन गर्नु पर्ने ।

४. उपभोक्ता संरक्षण ऐन नियम विपरित गर्न नपाईने ।

५. उद्योग संचालन गर्दा उद्योग भित्र भै रहेको काम कारबाहीलाई मूल सडकबाट नदेखिने व्यवस्था गर्नु पर्ने ।

---

*पहिलो संशोधनद्वारा थप

+दोस्रो संशोधनद्वारा थप

६. उद्योग संचालन गर्दा निश्कासन हुने, खेर जाने पदार्थलाई उपयुक्त तरिकाले नियन्त्रण गर्नुपर्ने

७. उद्योगको नाम जुध्न गएमा पछि दर्ता गर्ने उद्योगले आफ्नो नाम संसोधन गर्नु पर्ने ।

**११. व्यवसायिक उत्पादन वा कारेवार प्रारम्भ गरेको जानकारी दिनुपर्ने :**

(१) यस कार्यविधि बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफनो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नु पर्नेछ र सोको जानकारी उद्योग दर्ता गर्ने शाखालाई गराउनुपर्नेछ ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्न नसकेमा सो को कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनु भन्दा कम्तीमा एक महिना अगाडि त्यस्तो अवधि बढाउनका लागि विदुर नगरपालिका समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त हुन आएमा र निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउन सक्नेछ ।

(४) उपदफा (४) बमोजिम अवधि बढाइएमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योगको सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारेवार प्रारम्भ गर्नुपर्नेछ ।

(५) उपदफा (२) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (१) बमोजिमको अवधि वा उपदफा (३) बमोजिम बढाइएको अवधिभित्र पनि त्यस्तो उद्योगले उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ नगरेमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

(६) उपदफा (५) बमोजिम उद्योगको दर्ता प्रमाणपत्र रद्द भएमा उद्योग दर्ता गर्ने निकायको अभिलेखमा रहेको त्यस्तो उद्योगको दर्ता प्रमाणपत्रमा कारण खुलाई रद्द भएको ब्यहोरा जनाउनु पर्नेछ र सो को अभिलेख अद्यावधिक गर्नु पर्नेछ ।

**१२. विवरण उपलब्ध गराउनुपर्ने :**

(१) प्रत्येक उद्योगले व्यवसायिक उत्पादन वा कारोवारको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विवरण तोकिए बमोजिम विद्युतीय माध्यमबाट वा अन्य तवरबाट समेत पेश गर्न सकिनेछ ।

## परिच्छेद ३

## उद्योगको नामसारी , ठाउसारी क्षमता वृद्धि सम्वन्धी व्यवस्था

**१३. उद्योगको नामसारी गर्दा पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

उद्योगको नामसारी गर्दा दर्ता शुल्कको दश प्रतिशत अतिरिक्त शुल्क बुझाइ देहायको कागजपत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

क. लिने दिने कार्यालयमा उपस्थित भई संयुक्त निवेदन पेश गर्नुपर्ने ।

ख. छोडपत्र (राजिनामा)।

ग. कर चुक्ता प्रमाण पत्र ।

घ. लिनेको नागरिकताको प्रतिलिपि

ङ. मृत्यु भई नामसारी गर्नु परेमा मृत्यु दर्ता प्रमाणपत्र र अन्य अंशियार भए निजहरुको सहमती

तथा नाता प्रमाणित पेश गर्नु पर्ने ।

च. उद्योग रहने जग्गाको सहमती पत्र ।

छ. बैकबाट रोक्का भएको भए सहमती पत्र ।

१४. **उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने :** (१) कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नु पर्ने भएमा सो को कारण खुलाई विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय समक्ष उद्योग स्थानान्तरणका लागी उपदफा २ वमोजिमको कागजातहरु समेत साथै राखी निवेदन दिनुपर्नेछ ।

(२) उद्योग स्थानान्तरणका लागी उपदफा १ वमोजिमको निवेदनको साथै देहाय वमोजिमको कागजातहरु पेश गर्नु पर्नेछ ।

क. ठाउसारी गरी पाउँ भन्ने निवेदन ।

ख. सम्बन्धित वडाको प्रतिनिधीको उपस्थितीमा सधियार सहितको सर्जमिन मुचुल्का र सिफारिस पत्र । विशेष परिस्थितीमा नगर कार्यपालिकाको बैठकले निर्णय गर्न समेत सक्नेछ ।

ग. उद्योग व्यवसायको सक्कल प्रमाण पत्र ।

घ. ठाउसारी गर्दा स्थान विशेष अनुमति लिनुपर्ने भए सो मापदण्ड पुरा गरेको हुनुपर्ने

ङ. जग्गाधनि लालपुर्जा प्रतिलिपी

(३) उपदफा (१) र (२) बमोजिम निवेदन प्राप्त हुन आएमा प्रचलित कानुन बमोजिम वातावरणीय प्रभाव मूल्या॰न वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने भएमा सो समेत सम्पन्न गरी उद्योग दर्ता गर्ने विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले तोकिए बमोजिम उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ ।

**१५. पूजीबृद्धि तथा क्षमताबृद्धि गर्दा पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

क. पूजी तथा क्षमताबृद्धि गर्नु पर्नाको कारण सहितको निवेदन पत्र ।

ख. संसोधित परियोजना (स्किम)

ग. उद्देश्य थप गर्नु पर्ने भएमा कारण सहितको निवेदन

घ. सक्कल प्रमाण पत्र ।

ङ. पुजी बृद्धि बापतको शुल्क दफा ११ अनुसारको सिमा अनुरुप हुनेछ ।

**१६ एक ब्यक्तिको एउटा मात्र फर्म हुने:**

एउटा व्यक्तिको नाममा एकै प्रकृतकिो एउटा मात्र उद्योग फर्म दर्ता गरिनेछ, कारोवारको आधारमा शाखा विस्तार तथा कारोवार थप गरिनेछ ।

**१७. विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्ने :**

(१) दफा ४ बमोजिम दर्ता भएका उद्योग व्यवसायको विवरण हेरफेर गर्नुपर्ने भएमा पन्ध दिन भित्र सोको लिखित निवेदन कार्यालयमा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाचवुझ गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

(३) व्यवसायको नाम परिवर्तन गर्नुपरेमा नया व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्नेछ ।

**१८. साझेदार थपघट गर्नु परेमा स्वीकृति लिनुपर्ने :**

१) एक व्यक्ति वा सो भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजातहरु संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ। २) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाचवुझ गरि रु एक हजार दस्तुर लिई माग बमोजिम साझेदार थप गरिदिनु पर्नेछ ।

## परिच्छेद ४
## नगर उद्योग प्रवर्द्धन समितिको गठन सम्वन्धी व्यवस्था

**१९. नगर उद्योग प्रवर्द्धन समिति :**

(१) नगरपालिकाको उद्योग व्यवसाय दर्ता, नविकरण, ठाउसारी, नामसारी,पूजीवृद्धि, खारेजी लगायतको निर्णय स्वीकृति, निति नियम र योजना तर्जुमा गर्नका लागि देहायका पदाधिकारीहरु रहेको नगर उद्योग प्रवर्द्धन समिति रहनेछ ।

क) नगर प्रमुख ..........................................................................संयोजक

ख) उपप्रमुख ..........................................................................सदस्य

ग) नगर प्रमुखबाट मनोनित १ महिला सहित २ जना कार्यपालिका सदस्य ............सदस्य

घ) वडाध्यक्षहरु मध्ये कार्यपालिकाको सिफारिशमा २ जना ..............................सदस्य

ङ) नगरको उद्योग वाणिज्य संग सम्बन्धीत ब्यवसायीहरुबाट

१ महिला सहित नगरप्रमुखले मनोनित गरेको ३ जना ...................................सदस्य

च) नगरपालिकाको सम्बन्धित उद्योग शाखा हेर्ने अधिकृत .............................सदस्य

छ) प्रमुख प्रशासकीय अधिकृत ........................................................सदस्य सचिव

(२) उपदफा १ वमोजिम गठित नगर उद्योग प्रवर्द्धन समितिले नगरपालिका भित्र संचालन हुने उद्योग व्यवसायको दर्ता नविकरण, ठाउसारी ,नामसारी, पुजिवृद्धि एवं खारेजी लगाएतको कार्य गर्न कसैलाई तोक्न सक्नेछ ।

(३) नगर उद्योग प्रवर्द्धन समितिको काम कर्तब्य र अधिकारः

क) विदुर नगरपालिका क्षेत्रमा दर्ता भएका तथा सञ्चालनमा रहेका उद्योग ब्यवसाय दर्ता, नविकरण , खारेजी लगायत कार्यको नियमन एवं निर्णय गर्ने ।

ख) नगरपालिका क्षेत्रमा स्थापना तथा सञ्चालन हुने उद्योग ब्यवसायको प्रवर्धन तथा विकासका लागि आवश्यक नीति निर्माण, बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने ।

ग) नगरक्षेत्रमा उद्योग ग्राम तथा ठूला सम्भावनाका उद्योग स्थापना गर्न आवश्यक अध्ययन तथा समन्वय गर्ने ।

घ) नगर क्षेत्रमा स्थापना तथा सञ्चालनमा रहेका उद्योग, ब्यवसाय तथा बाणिज्य क्षेत्रको बृहत्तर हित र प्रवर्धनका लागि आवश्यक कार्ययोजना निर्माण गर्ने ।

ङ) उद्योग ब्यवसाय संग सम्बन्धित विषयमा नगरपालिकाको विषयगत शाखालाई आवश्यक राय, सुझाव र सहयोग गर्ने ।

च) नगरपालिकामा संचालनमा रहेका उद्योग, बाणिज्य तथा ब्यावसाय संग सम्बन्धित कुनै महत्वपूर्ण विषय तथा दर्ता नविकरण सम्बन्धी अन्यौलता सो विषयमा निर्णय गरि निकास दिने ।

[φ]छ) कम्पनि रजिष्टार कार्यलय, घरेलु तथा साना उद्योग कार्यालय वा यस नगरपालिकामा दर्ता भएको उद्योगले यस नगरपालिका भित्र कार्यक्षेत्र विस्तार वा शाखा विस्तार गर्न निवेदन दिएमा उदेश्य परिवर्तन नहुने गरी वडा कार्यालयको सिफारिसको आधारमा कार्यक्षेत्र तथा शाखा विस्तार गर्न कार्यपालिकामा सिफारिस गरी पठाउने

**३) समितिको बैठकः** नगरपालिकाको उद्योग व्यवसाय प्रवर्धन समितिको बैठक बर्षमा कम्तिमा ४ पटक र आवश्यकता पर्दा जुनसुकै बेला बस्न सक्नेछ ।

## परिच्छेद ५
## उद्योगको अनुगमन तथा खारेजी सम्वन्धी व्यवस्था

२०. <u>अनुगमन गर्ने</u> :

(१) विदुर नगरपालिकाले उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गरे नगरेको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्न सकनेछ ।

(२) विदुर नगरपालिकाले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तब्य हुनेछ । साथै माग गरिएको विवरण उपलब्ध नगराई अटेर गरेमा आवश्यक प्रक्रिया अपनाई उक्त प्रमाण पत्र खारेज गर्न सक्नेछ ।

(४) उपदफा ३ बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसंग परामर्श गरी विदुर नगरपालिकाले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

२१. **<u>उद्योग बन्द गरेमा जानकारी दिनुपर्ने</u> :** यस ऐन बमोजिम दर्ता भएको उद्योग उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको ब्यवसायिक उत्पादन वा कारोवार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले सात दिन भित्र त्यसको जानकारी उद्योग दर्तँ गर्ने निकायलाई तोकिए बमोजिम दिनुपर्नेछ ।

२२. **<u>उद्योगको दर्ता खारेज गर्न निवेदन दिन सकिने</u>ः** (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिमको कागजात सहित तोकिएको ढाँचामा निवेदन दिन सकिनेछ ।

तर प्रचलित कानुन बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानुन बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगले आफ्नो दायित्व फरफारक गरेको र उद्योगको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा तोकिए बमोजिम उद्योग दर्ता खारेज गरी सो को जानकारी निवेदकलाई दिनु पर्नेछ ।

## परिच्छेद-६
## <u>सजाय र पुनरावेदन सम्बन्धी ब्यवस्था</u>

२३. **<u>सजाय सम्बन्धी ब्यवस्था</u> :** (१) कसैले यस कार्यविधि बमोजिम उद्योग दर्ता गराई वा नगराई उद्योग स्थापना वा सञ्चालन गरे वा नगरेको सम्बन्धमा नगर कार्यपालिकाको कार्यालयले तोकिए बमोजिम आवश्यक अनुगमन, छानविन वा निरीक्षण गर्दा यस कार्यविधि बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा त्यस्तो उद्योग स्थापना वा सञ्चालन गर्ने ब्यक्ति तथा सो संग सम्बन्धित विवरण सहितको प्रतिवेदन तयार गरी कारवाहीका लागि नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

---

[φ]तेस्रो संशोधनद्वारा थप

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त हुन आएमा विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले त्यस्तो ब्यक्तिलाई यस ऐन बमोजिम उद्योग दर्ता गराई सञ्चालनमा ल्याउन र सोको प्रमाण पेश गर्न बढीमा एक महिनाको समय दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको समयावधिभित्र उद्योग दर्ता तगर्ने ब्यक्तिलाई विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले देहायको कारवाही गर्न सक्नेछ :

(क) त्यस्तो ब्यक्तिले स्थापना वा सञ्चालन गरेको उद्योग बन्द गर्न आदेश दिने,

(ख) उद्योगको स्तर यकिन गरी सोको आधारमा उद्योगको स्तर अनुसार दश हजार देखि एक लाख रुपैयासम्म जरिवाना गर्ने ।

(४) उद्योग दर्ता गर्ने निकायले माग गरीएको विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा प्रत्येक आर्थिक वर्षको लागि दश हजारको दरले सम्वन्धीत उद्योगलाई जरिवाना गर्न सक्नेछ :

(५) दफा ५ को उपदफा (६) बमोजिम उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा सम्वन्धीत उद्योगलाई पच्चीस हजार देखि एक लाख रुपैया सम्म,जरिवानाको सजाय गर्न सक्नेछ

(६) उपदफा ५ बमोजिम जरिवाना गर्दा समेत दफा ५ को उपदफा (६) बमोजिम उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा त्यस्तो उद्योगलाई निश्चित अवधिका लागि उद्योग सञ्चालन बन्द गराउन आदेश दिने वा त्यस्तो उद्योगको दर्ता वा अनुमति खारेज गर्न आदेश दिन सक्ने ।

(७) यस दफा बमोजिम सजाय गर्नु भन्दा अघि सजाय गर्ने अधिकार प्राप्त अधिकारीले सम्बन्धित उद्योग वा ब्यक्तिलाई आफ्नो सफाई तथा सवूत पेश गर्न सात दिनको समय दिनुपर्नेछ ।

२४. **<u>पुनरावेदन सम्बन्धी ब्यवस्था</u> :** दफा २२ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैतिस दिनभित्र त्यस्तो उद्योग वा ब्यक्तिले सम्बन्धित जिल्ला अदालतमा पुरावेदन दिन सक्नेछ ।

## परिच्छेद ७
## विविध

**२५. कर छुट तथा मिन्हा गर्न सकिने :** नगरपालिका क्षेत्रमा उद्योग व्यवसाय दर्ता गर्न चाहने महिला तथा अपाङता भएका व्यक्तिलाई उद्योग दर्ता एवं संचालनमा विशेष छुट एवं सहुलियत प्रदान गर्न सकिनेछ ।

**२६. प्रतिलिपी दिन सक्ने :** उद्योग व्यवसाय दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाण पत्र उपलव्ध गराउनु पर्ने भएमा कार्यालयले आवश्यक जँचवुझ गरि रु २०० प्रतिलिपि दस्तुर लिई नया प्रतिलिपी प्रमाणपत्र जारी गर्न सक्नेछ ।

**२७. उद्योग व्यवसाय संचालन नभएको सिफरिस दिन सक्ने :** प्रचलित कानुन बमोजिम दर्ता भएको व्यवसाय संचालन नै नभएकोले सोको व्यहोरा सम्वन्धित निकायमा सिफारीसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्वन्धमा कार्यालयले आवश्यक जाँचवुझ गरी व्यहोरा प्रमाणित भएमा रु पाँच सय दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारीस उपलव्ध गराउन सक्नेछ ।

**२८. वाधा अडकाउ फुकाउने अधिकार :**

(१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिका लाई हुनेछ ।

(२) यस कार्यविधिमा लेखिएको कुरा यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित नेपाल

कानुन बमोजिम हुनेछ ।

**२९. खारेजी तथा बचाउ :**

(१) यो कार्यविधि जारी हुनु भन्दा अगाडि नगरपालिकावाट भए गरेका उद्योग व्यवसाय दर्ता नविकरण सम्बन्धी कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

विदुर नगरपालिका

अनुसूची १

दफा ४ को उपदफा (१) सँग सम्बन्धीत

उद्योग दर्ताको निवेदन फाराम ढाँचा

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
विदुर नगरपालिका,
विदुर, नुवाकोट ।

महोदय,
निम्न लिखित विवरण बमोजिमको उद्योग स्थापना गर्न यो निवेदन गरेको छु/ गरेका छौँ । पेश गरिएको विवरण ठिक छ । झुठ्ठा ठहरेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

१. उद्योगको नाम:

२. उद्देश्य:

३. उद्योग रहने स्थान:

(क) प्रदेश:

(ख) जिल्ला:

(ग) नगरपालिका:

(घ) वडा नं. ⁄कि.न:

४. उद्योगको कानूनी रुप फर्म (चिन्ह लगाउने)

(क) निजी (ख) साझेदारी (ग) प्रा.लि. (घ) पब्लिक लि. कम्पनी

५. उद्योगको वर्ग (चिन्ह लगाउने)

(क) उत्पादनमूलक (ख) उर्जामूलक (ग) कृषि तथा वनजन्य (घ) खनिज

(ङ) पर्यटन (च) सेवा (छ) निर्माण

६. पूँजी लगानी:

(क) स्थिर पूँजी मूल्य कैफियत

जमिन:

भवन:

मेशिन औजार:

फर्निचर फिक्स्चर:

जम्मा:

(ख) चालु पूँजी:

(ग) कूल पूँजी:

७.१ पूँजी तथा क्षमता बृद्धि भए (पूँजी बृद्धिको लागि)

| स्थिर पूँजी | जमीन | भवन मेसीन औजार | अन्य | जम्मा |
|---|---|---|---|---|
| साविक | | | | |
| प्रस्थावित | | | | |

कूल पुँजी रु.



विदुर नगरपालिका

१) स्थिर पूँजी रु.

२) चालु पूँजी रु.

७. उद्योगबाट हुने उत्पादन/सेवाको विवरण

वस्तु उत्पादन/सेवा इकाइ　　वार्षिक क्षमता　　मुल्य

१)
२)
३)
४)

७.१ उद्योगबाट हुने उत्पादन/सेवाको विवरण वार्षिक (क्षमता बद्धिको लागि)

साविक　　प्रस्तावित

वस्तु/सेवा इकाई　वार्षिक क्षमता　　१. वस्तु/सेवा इकाई　वार्षिक क्षमता

१.
२.
३.
४.

७.२ पूँजी बृद्धि/क्षमता बृद्धिको कारण

१.
२.
३.
४.

८. कच्चा पदार्थको विवरण　　वार्षिक परिमाण　　मुल्य

१)
२)
३)
४)
५)

९. मेशिन उपकरण

| क्र.सं. | विवरण | संख्या | प्रति इकाई मूल्य | जम्मा मूल्य | विद्युत शक्ति (कि.वा.) | श्रोत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

१०. जनशक्ति (लिङ्ग र संख्या): प्राविधिकः　अप्राविधिकः　अन्यः　जम्मा संख्याः

११ . निवेदकको पूरा नाम, थर लिङ्ग　　बाबुको नाम　　बाजेको नामथर

१)
२)
३)

निवेदकको पत्राचार ठेगानाः

विदुर नगरपालिका

जिल्ला: न.पा. /गा.पा.: वडा नं.:

ब्लक नं.:

फोन नं.: फ्याक्स नं.: इमेल:

१२. सम्पर्क व्यक्तिको नाम, ठेगाना र फोन नं.:
१३. लोकेशन म्याप

१४. शर्तहरु पालना बारे:

१. साँध सधियार र छर छिमेकलाई वाधा नपुर्‍याइ उद्योग सञ्चालन गर्नेछु ।
२. उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हुन दिने छैन ।
३. कार्यालयले माग गरेको विवरण र तथ्याङ्कहरु मागेको वखत उपलब्ध गराउने छु ।
४. उद्योग दर्ता गर्दा कितान गरिएकै स्थानमा उद्योग सञ्चालन गर्नेछु ।
५. उद्योग दर्ता गर्दा किटान गरिएको उद्देश्य विपरीत काम गर्ने छन ।
६. अन्य निकायबाट समेत अनुमति लिनुपर्ने भए अनुमति लिई कार्य सञ्चालन गर्नेछु ।
७. उद्योग सञ्चालन गर्दा बालमजदुर प्रयोग गर्नेछैन ।
८. यसै नामबाट यस अघि अर्को उद्योग दर्ता भई सकेको देखिएमा यस उद्योगको नाम परिवर्तन गरिनेछ ।

मिति:

निवेदकको सही: औँठाको छाप:

नोट: १) कुनै महलमा विवरण नअटाएमा छुट्टै कागजमा लेखि संलग्न गर्नुहोला ।
२) यो निवेदन साथ निम्न कागजातहरु संलग्न गर्नुपर्नेछ ।

क) सम्बन्धित व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

ख) सा.फ.को हकमा साझेदारी कबुलियतनामा

ग) प्रा.लि. वा पब्लिक लि.को हकमा प्रबन्ध पत्र, नियमावली, कम्पनि दर्ताको प्रमाणपत्र, कम्पती दर्ता पत्रको प्रमाणित प्रतिलिपी

घ) अनुमति लिनु पर्ने वा IEE/EIA गराउनु पर्ने उद्योगको हकमा अनुमति पत्र वा IEE/EIA स्वीकृत पत्र र स्किम समेत पेश गर्नु पर्नेछ ।

ङ) उद्योग आफनै घर/जग्गामा स्थापना हुने भए जग्गाधनी पूर्जा, भाडामा भए रितपूर्वकको भाँडा सम्झौता पत्र

च) उद्योगको उद्देश्य र प्रकृती हेरी अन्य थप कागजातहरु

प्रमाणिकरण मिति: २०८०।१०।१०

आज्ञाले
विनोद कुमार खनाल
प्रमुख प्रशासकीय अधिकृत